नेपाली राजदूताबास
Embassy of Nepal
Berlin, Germany

# सूचना

## हवाई उडानको व्यवस्थापन बारे कतार एयरवेजबाट प्राप्त प्रस्तावका सम्बन्धमा

स्वदेश फर्किन पर्ने अवस्थाका नेपाली नागरिकहरूको निमित्त हवाई उडान व्यवस्थापन बारे यस नियोगको मिति जुन १९, २०२० (असार ५, २०७७) को सूचनाको सिलसिलामा नेपालको सम्बन्धित निकायबाट आज प्राप्त जानकारी अनुसार युरोपका विभिन्न देशमा रहेका नेपाली नागरिकहरूलाइ स्वदेश फर्काउन कतार एयरवेजले यही **जुन २९, २०२०** का दिन हवाई उडानको व्यवस्था गर्ने गरी पेश गरेको प्रस्ताव प्राप्त भएको छ ।

उक्त प्रस्ताव बमोजिम उडानको मिति तथा विवरण, टिकट लागत तथा टिकट खरिद गर्न सर्म्पक गर्नु पर्ने व्यक्तिको सर्म्पक विवरण प्राप्त हुन आएकोले सो बमोजिम उडान प्रयोग गरी स्वदेश फर्किन इच्छुक **जर्मनी, पोल्याण्ड, चेक गणतन्त्र** तथा **रोमानिया**बाट स्वदेश फर्किने फाराम भर्नु भएका नेपाली नागरिकहरूले सम्बद्ध व्यक्तिहरूसंग सिधै सर्म्पक राख्न सक्नुहुनेछ।

जर्मनीको फ्यांकफर्टबाट दोहासम्म कतार एयरवेजको नियमित उडानबाट लगिने र दोहाबाट काठमाडौं चार्टर उडानबाट यात्रुहरू लैजाने गरी व्यवस्थापन गर्न लागिएको व्यहोरा पनि जानकारी गराइएको छ ।

उडान तोकिएको मितिमा संचालन गर्न विमान सेवा प्रदायकलाई सहज हुने भएकोले जुन २५, २०२० सम्ममा हवाई टिकट सम्बन्धि कार्य सम्पन्न गर्न ध्यानाकर्षण गरिएको छ ।

अन्य व्यहोरा यस नियोगको मिति जुन १९, २०२० मा जारी सूचना बमोजिम हुनेछ ।

**नेपाली राजदूतावास,**
**बर्लिन, जर्मनी ।**
जुन २२, २०२०

Guerickestrasse 27, 10587 Berlin, Germany, Tel: +49 (030) 34 35 99 -20, Fax: +49 (030) 34 35 99 -06
Email: berlin@nepalembassy.de, Web: https://de.nepalembassy.gov.np